# बीमकले संचालन गर्ने बीमा अभिकर्ताको तालिम निर्देशिका, २०७२

बीमा व्यवसायको बिकासको लागि समय सापेक्ष दक्ष जनशक्ति तयार गर्न अपरिहार्य भएको हुँदा बीमकहरुद्वारा सञ्चालन गरिने बीमा अभिकर्ता आधारभूत तालिम कार्यक्रमहरुलाई व्यवस्थित, गुणस्तरीय र नियमित बनाउनका लागि बाञ्छनिय भएकोले,

बीमा ऐन, २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी समितिद्वारा देहायको निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"बीमकले संचालन गर्ने बीमा अभिकर्ताको तालिम निर्देशिका, २०७२"** रहेको छ ।

(२) यो निर्देशिका बीमा नियमावली, २०४९ को नियम २१ को उपनियम (१) को खण्ड (ख) बमोजिम समितिले बीमा अभिकर्ताको तालिम सञ्चालन गर्न मान्यता दिएको बीमकको हकमा मात्र लागू हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "**आर्थिक बर्ष**" भन्नाले प्रत्येक बर्षको साउन महिनाको १ गतेदेखि अर्को बर्षको असार मसान्त सम्मको अवधिलाई सम्झनु पर्छ ।

(ख) "**तालिम**" भन्नाले बीमकले संचालन गर्ने तालिम सम्झनु पर्छ ।

(ग) "**प्रशिक्षक**" भन्नाले तालिम कार्यक्रमका प्रशिक्षक सम्झनु पर्छ ।

(घ) "**प्रशिक्षार्थी**" भन्नाले तालिम कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थी सम्झनु पर्छ ।

(ङ) "**बीमक**" भन्नाले बीमा ऐन, २०४९ बमोजिम इजाजतपत्र प्राप्त बीमक भन्ने सम्झनु पर्छ ।

(च) "**समिति**" भन्नाले बीमा समिति सम्झनु पर्छ ।

(छ) "**संयोजक**" भन्नाले तालिम कार्यक्रमका संयोजक सम्झनु पर्छ ।

३. **बार्षिक तालिम कार्यक्रमः**(१) बीमकले आगामी आर्थिक बर्षमा सञ्चालन गर्ने बीमा अभिकर्ताको तालिमको बिस्तृत योजना र तालिका सहितको बार्षिक तालिम कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको बार्षिक तालिम कार्ययोजना बीमकले असार मसान्त भित्र समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) बार्षिक तालिम कार्ययोजना अन्तर्गतको तालिमको कार्यतालिका बीमकको वेभ साइटमा समेत राख्नुपर्नेछ ।

४. **बार्षिक तालिम कार्ययोजनामा समावेश हुनु पर्नेः** (१) दफा ३ बमोजिमको बार्षिक तालिम कार्ययोजनामा निम्न बिषयहरु समावेश भएको हुनुपर्नेछः–

(क) तालिमको संख्या,

(ख) तालिम गर्ने स्थान,

(ग) प्रशिक्षार्थीको अनुमानित संख्या,

(घ) तालिम प्रशिक्षकको सूची (व्यक्तिगत विवरण सहित),

(ङ) अन्य आवश्यक विवरण ।

५. **तालिमको सूचना**ः (१) बीमा अभिकर्ताको तालिमको बारेमा सर्वसाधारणको जानकारीका लागि कुनै एक राष्ट्रिय दैनिक पत्रिका, बीमकको वेभ साइटमा सूचना दिई सो को जानकारी समितिमा समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा तालिम हुने स्थान, मिति, शुल्क, निवेदन दिने स्थान र निवेदन दिने अन्तिम मिति समेत उल्लेख भएको हुनुपर्नेछ ।

६. **निवेदन पेश गर्नु पर्नेः**(१) दफा ५ बमोजिमको सूचना अनुरुप बीमा अभिकर्ताको तालिम लिन बीमा नियमावली, २०४९ को नियम २१ बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिले तालिममा सहभागी हुन निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा बीमा अभिकर्ताको तालिम लिन बीमा नियमावली, २०४९ को नियम २१ बमोजिम योग्यता पुगेका व्यक्तिको नाम छनौट गरी सो को सूचना बीमकको वेभ साइटमा राखि एक प्रति समितिमा समेत पठाउनु पर्नेछ ।

७. **उपस्थिति**ः (१) प्रशिक्षार्थीले तालिम कार्यक्रमको पूरै अवधिभर उपस्थिति हुनु पर्नेछ ।

(२) तालिम कार्यक्रम संचालनमा संलग्न कर्मचारीले प्रत्येक कक्षा (सेसन) मा प्रशिक्षार्थीको उपस्थितिको अभिलेख राख्नु पर्नेछ ।

(३) तालिम अवधिको ७५ प्रतिशत भन्दा कम उपस्थित हुने कुनै पनि प्रशिक्षार्थीलाई तालिम कार्यक्रममा सहभागिताको प्रमाणपत्र प्रदान गर्न पाइने छैन ।

८. **प्रशिक्षकको सूची:** (१) बीमकले बीमा अभिकर्ताको आधारभूत तालिमको लागि प्रत्येक आर्थिक बर्षमा एक पटक प्रशिक्षकको सूची तयार गर्नु पर्नेछ ।

(२) बीमकले आवश्यकता अनुसार प्रशिक्षकको सूचीमा थपघट गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचीमा थपघट गरेमा सोको जानकारी समितिलाई दिनु पर्नेछ ।

९. **प्रशिक्षकको योग्यता:** (१) बीमा अभिकर्ताको आधारभूत तालिममा कम्तिमा स्नातक परीक्षा उत्तिर्ण गरी तालिम प्रदान गर्नुपर्ने बिषयमा दक्षता हासिल गरेका नेपाली नागरिक हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशिक्षकको रुपमा काम गर्न नेपाली नागरिक उपलब्ध हुन नसकेमा योग्यता पुगेका विदेशी प्रशिक्षकबाट तालिम सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम विदेशी प्रशिक्षकबाट तालिम सञ्चालन गर्नु अघि सो को जानकारी समितिलाई दिनु पर्नेछ ।

१०. **प्रशिक्षकको छनौट:** बीमकले दफा ४ बमोजिमको प्रशिक्षकको सूचीबाट बिभिन्न तालिमको लागि प्रशिक्षकको छनौट गर्नु पर्नेछ ।

११. **तालिमको पाठ्यक्रम:** बीमकले सञ्चालन गर्ने अभिकर्ता तालिमको पाठ्यक्रम समितिद्वारा गठन भएको तालिम उप-समितिले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१२. **तालिम अवधि:**(क) बीमकले सञ्चालन गर्नेतालिमको अवधि निम्न अनुसारको हुनुपर्नेछः–

(क) बीमा अभिकर्ता तालिम कम्तिमा १७ घण्टा,

(ख) कृषि बीमा अर्न्तगत कृषि प्राविधिकहरुका लागी एक दिने तालिम कम्तीमा पाँच घण्टा,

(ग) लघुबीमा तालिम समितिले व्यवस्था गरे बमोजिम ।

१३. **पाठ्यक्रममा थप गर्न सकिने:** (१) तालिम कार्यक्रमको पाठ्यक्रममा व्यवसायको अनुकुलता हेरी आवश्यकता अनुसार बीमकले थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाठ्यक्रममा थप गरिएको जानकारी समितिलाई दिनु पर्नेछ ।

१४. **प्रमाणपत्र प्रदान गर्नु पर्ने:** बीमकले तालिममा सहभागी हुने प्रशिक्षार्थीलाई दफा ७ को अधिनमा रही सहभागिताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

१५. **अभिलेख राख्नु पर्ने:** दफा १४ बमोजिम प्रमाणपत्र प्रदान गरिएका व्यक्तिको विवरण सहितको अभिलेख तथा प्रमाणपत्रको एक प्रति प्रमाणपत्र प्रदान गर्ने बीमकले सुरक्षित रुपमा राख्नु पर्नेछ ।

१६. **तालिम प्रतिबेदन:** (१) तालिम सम्पन्न भए पश्चात तालिम प्रतिबेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा निम्न बिषयहरु समावेश भएको हुनु पर्नेछः–

(क) तालिमको तालिका,

(ख) तालिममा सहभागीको उपस्थिति,

(ग) तालिम खर्चको विस्तृत विवरण,

(घ) तालिम कार्ययोजना बमोजिम तालिम संचालन गर्न नसकेको भए सो को कारण ।

(३) बीमकले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र प्रतिवेदनको एक प्रति समितिमा पेश गर्नु पर्नेछ ।

१७. **तालिम स्थलको व्यवस्था:** तालिम सञ्चालनको लागि उपयुक्त तालिम स्थलको ब्यवस्था हुनु पर्नेछ ।

१८. **तालिम सामग्री:** तालिममा सहभागी हुने प्रशिक्षार्थीलाई तालिमको लागि तालिम सामग्री प्रदान गर्नु पर्नेछ ।

१९. **सहभागीको संख्या:** प्रत्येक तालिम कक्षामा पचास (५०) जना भन्दा बढी प्रशिक्षार्थीलाई समावेश गर्न पाइने छैन ।

२०. **पूर्नताजगी तालिम:** बीमा अभिकर्ताको आधारभूत तालिम लिई इजाजत पत्र प्राप्त गरेको पाँच बर्ष पुरा भैसकेका बीमा अभिकर्ताको लागि बीमकले बीमा अभिकर्ता पूर्नताजगी तालिम संचालन गर्न सक्नेछ ।

२१. **तालिम संयोजक:** अभिकर्ताको तालिम कार्यक्रमको संयोजक कम्तिमा बिभागीय प्रमुख, शाखा प्रमुख वा उप–शाखा प्रमुख हुनु पर्नेछ ।

२२. **पारिश्रमिक दिनु पर्ने:** तालिम संयोजनमा सहभागी भएका व्यक्तिलाई बीमकले निर्धारण गरे बमोजिमको पारिश्रमिक प्रदान गर्नु पर्नेछ ।

२३. **अनुगमन तथा निरीक्षण:** समितिले जुनसुकै समयमा तालिमको निरीक्षण गर्न सक्नेछ ।